# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिका को कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०८२/०८३
च. नं.: १२६९

मिति:२०८२/१२/२७

विषय: पशुचौपायाको टोकाइबाट बच्ने सम्वन्धमा ।

श्री सरोकारवाला सवै
सत्यवती गाउँपालिका गुल्मी ।

प्रस्तुत विषयमा नेपाल सरकार स्वास्थ्य सेवा विभागको च.न.८८०को प्राप्तपत्रानुसार पशुचौपायाको टोकाइ बिरुद्ध दिइने रेविज विरुद्धको खोप खरिद प्रकृयामा रहेको र सहज रुपमा आपुर्ति हुन केहि समय लाग्ने र प्रदेश तथा स्थानिय तहले व्यवस्था गर्नुभनि पत्राचार भएको र जोहाङ्ग प्राथमिक स्वास्थ्य केन्द्रको मिति २०८२/१२/२४को पत्रानुसार रेविज बिरुद्धको खोप उपलब्ध गराइदिनुहुन माग भइ आएकोमा सत्यवती गाउँपालिकाकै पहलमा खरिद गरि यस क्षेत्रका आम समुदायको स्वास्थ्यमा असर हुन नदिन गाउँपालिकाकै बजेट र पहलमा खरिद गर्ने निर्णय भएकोमा हाल नेपाल अधिराज्यभर उक्त खोपको अभाव रहेको र सप्लायर्सहरुले उक्त खोप उपलब्ध गराउन नसक्ने भनि जानकारी गराएको हुँदा खोपको नियमित आपुर्ति नहुन्जेल पशुचौपायाको टोकाइ बाट बच्न र खोप भए नभएको एकिन गरिसकेपछि मात्र खोपको लागि आउनुहुन साथै कुकुर,जंगलीजनावर,घरपालुवा जनावरको टोकाइबाट बच्न सावधानी अपनाउनुहुन अनुरोध छ ।

**नोटः- रेविज विरुद्धको खोप जानकारीको लागी जोहाङ्ग प्राथमिक स्वास्थ्यकेन्द्र सुचना अधिकारी राम प्रसाद श्रेष्ठ सम्पर्क नम्बर -९८५७०३८५२९**

१२/२६

हिमलाल भण्डारी
स्वास्थ्य शाखा प्रमुख